# लेखापरीक्षण प्रतिवेदन

## राप्ती गाउँपालिका, दाङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## राप्ती गाउँपालिका, दाङ

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/714

श्रीमान् अध्यक्षज्यू,
राप्ती गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, दाङ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/714

श्रीमान् अध्यक्षज्यू,
रासी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, दाङ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २.कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस गाउँपालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्ययतर्फ रु.१ अर्ब ५७ करोड ५२ लाख ७३ हजारको लेखापरीक्षणबाट रु.५५ लाख ६७ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.४२ लाख ४ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु.२ लाख ७५ हजार र नियमित गर्नुपर्ने रु.१० लाख ८८ हजार गरी जम्मा रु.१३ लाख ६३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.२६ करोड ३० लाख ५६ हजारमध्ये रु.५९ लाख १२ हजार सम्परीक्षण भई यसवर्षको थपसमेत **हालसम्म अद्यावधिक बेरुजु रु.२५ करोड ८५ लाख ७ हजार** बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. भालुवाङ नगर विकास समितिको आय र व्ययतर्फ रु.१८ लाख ४२ हजारको लेखापरीक्षणबाट रु.४८ लाख ६० हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु.४८ लाख ६० हजार बाँकी रहेको छ। हालसम्मको अद्यावधिक बेरुजुको विवरण समितिले पेस गरेको छैन।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा -** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४.वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। **गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत** रासी गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान मार्गदर्शन तथा

समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

### बेरुजु वर्गीकरण

#### चालु वर्षको बेरुजु

| विवरण | कार्यालय संख्या | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| गाउँपालिका | १ | ४६ | २५ | ५५,६७,४५० | ० | २१ | ४२,०४,३८७ | ० | ४६ | ४ | १३,६३,०६३ | २,७५,५५३ | १०,८७,५१० | ० | ० | ० | १०,८७,५१० | ० |
| नगर विकास समिति | १ | ३ | १८ | ४८,५९,५०८ | ० | ० | ० | ० | ३ | १८ | ४८,५९,५०८ | ४८,५९,५०८ | ० | ० | ० | ० | ० | ० |
| जम्मा | २ | ४९ | ४३ | १,०४,२६,९५८ | ० | २१ | ४२,०४,३८७ | ० | ४९ | २२ | ६२,२२,५७१ | ५१,३५,०६१ | १०,८७,५१० | ० | ० | ० | १०,८७,५१० | ० |

## अद्यावधिक बेरुजू स्थिति

| विवरण | कार्यालय संख्या | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| गाउँपालिका | १ | २६,३०,५६,४०५ | ० | ५९,१२,२९० | २५,७१,४४,११५ | ० | १३,६३,०६३ | २५,८५,०७,१७८ |
| नगर विकास समिति | १ | ० | ० | ० | ० | ० | ४८,५९,५०८ | ४८,५९,५०८ |
| **जम्मा** | **२** | **२६,३०,५६,४०५** | **०** | **५९,१२,२९०** | **२५,२९,३९,७२८** | **०** | **६२,२२,५७१** | **२६,३३,६६,६८६** |

#### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| **प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण भएको** | | | | |
| १ | २०८१/८२ | ३२ | स्यानीघोष खानेपानी योजना स्किम १ | ४,१५२ |
| २ | २०८१/८२ | ३० | सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम | १८,००७ |
| ३ | २०८१/८२ | ३६.२ | शिक्षातर्फ | १,३६,३९६ |
| ४ | २०८१/८२ | ३५ | वडा नं. ३ मा विद्युत पोल तथा ह्युमपाईप खरिद | २,५२१ |
| ५ | २०८१/८२ | ४३ | प्रमाण पेश गर्नुपर्ने | ८,०४,५५७ |
| ६ | २०८१/८२ | २३ | जिन्सि दाखिला | ३२,१७,९७९ |
| ७ | २०८१/८२ | ३३ | आपखोली सडक बत्ति जडान | ७,७४० |
| ८ | २०८१/८२ | २४ | अग्रीम कर कट्टी | १३,०३५ |
| **जम्मा** | | | | **४२,०४,३८७** |
| **गत विगत आर्थिक वर्षहरूको सम्परीक्षण** | | | | |
| ९ | २०७८/७९ | २७ | भ्रमण खर्च | ६,७५,२०५ |
| १० | २०७८/७९ | २३ | प्राविधिक ग्रेड | २८,५९८ |
| ११ | २०७८/७९ | २० | पेश्की बाँकी | १८,९१,४२५ |
| १२ | २०७७/७८ | २०.२ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | २९,००,००० |
| १३ | २०७७/७८ | २३.२ | निशुल्क पाठ्यपुस्तक वितरण | ४,१७,०६२ |
| **जम्मा** | | | | **५९,१२,२९०** |
| **कुल जम्मा** | | | | **१,०१,१६,६७७** |

# राप्ती गाउँपालिका, दाङ

# ( ८०५५६५०६३०० )

# राप्ती गाउँपालिका , दाङ

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :**-स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल १६१.०७ वर्ग किलोमिटर तथा ५२१२३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :**- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :**- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।२५ देखि २०८२।७।२८ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :**- कार्यालयको आयव्यय जम्मा रु. १ अर्ब ५७ करोड ५२ लाख ७३ हजार ८१२ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२८१५९१ असुल भई दाखिला प्रमाण पेश भएको छ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | पारिश्रमिक कर दाखिला | ३९३५८ |
| २ | बढी ग्रेड भुक्तानी फिर्ता | ६६४८१ |
| ३ | सामाजिक सुरक्षा भत्ता फिर्ता | ८५४३ |
| ४ | घटी व्यवसायी नविकरण शुल्क दाखिला | १०००० |
| ५ | दहत्तर बहत्तर (रद्ध भौचर) | १४९०४९ |
| ६ | बढी भुक्तानी फिर्दा | ८१६० |

## २ एकीकृत वित्तीय प्रतिवेदन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ (१) मा स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०८१।८२ को आय/व्यय हिसाबको आर्थिक कारोबारको एकीकृत विवरण निम्न अनुसार रहेको छः-

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | | विवरण | रकम |
| सुरुमौज्दात | | २९११५९७५.९८ | चालु खर्च | | ४०३७८०८४७.५ |
| १.संचित कोष | ९६४६६१२.९१ | | १. पालिका तर्फ | २१६७८२५०५ | |
| २.धरौटी | १०१०३७५७.१४ | | २. संघीय सशर्त | १७३१५८२४८ | |
| ३.कार्यसञ्चालनकोष | ९३६५६०५.९३ | | ३. संघीय विशेष | १३१६५२४९.७ | |
| ४. अन्य कोष | ० | | ४. प्रदेश सशर्त | ६७४८४५ | |
| यस वर्षकोआय | | | ५. प्रदेश विशेष | ० | |
| १.आन्तरिकआय | ८१६३८८४३.१६ | ८१६३८८४३.१६ | पुँजीगत खर्च | | १४८२०३८४५.३ |
| २.वित्तीयहस्तान्तरण (संघ) | | ४७७५९१७८८.७ | १. पालिका तर्फ | १०२५६००७६ | |
| क) समानीकरणअनुदान | १२११२३२०० | | २. संघीय सशर्त | १४४८७६९८.८ | |
| ख) राजस्वबाँडफाँट | १०६३१२९९२.१ | | ३. संघीय विशेष | ० | |
| ग) सशर्तअनुदान | २२७४२४००० | | ४. संघीय समपुरक | ८३८५५३१.५ | |
| घ) समपुरकअनुदान | ८५९२५२५ | | ५. प्रदेश सशर्त | १६२८६२५१.८ | |
| ङ) विशेषअनुदान | १४००४५०४ | | ६. प्रदेश विशेष | ० | |
| च) रोयल्टी | १३४५६७.५६ | | ७. प्रदेश समपुरक | ६४८४२८७ | |
| छ) अन्य | ० | | अन्तर सरकारी अख्तियारी (संघ) | | १७५७२४७१६.६ |
| ३. वित्तीयहस्तान्तरण (प्रदेश) | | ४४४७४२५१.७८ | क) सामाजिक सुरक्षा | १७०४७६२६१ | |
| क) समानीकरणअनुदान | ९१०१००० | | ख) स्वास्थ्य क्षेत्र सुधारकार्यक्रम | ५२४८४५५.५७ | |
| ख) राजस्वबाँडफाँट | ९८३१६०६.७८ | | | | |
| ग) सशर्तअनुदान | १८५४१६४५ | | अन्तर सरकारी अख्तियारी (प्रदेश) | १९५७३२४ | १९५७३२४ |
| घ) समपुरकअनुदान | ७०००००० | | ऋण फिर्ता(साँवा) | ० | |
| ङ) विशेषअनुदान | ० | | ऋणको ब्याज भुक्तानी | ० | |
| च) रोयल्टी | ० | | धरौटी फिर्ता तथा सदर स्याहा | ४७१७७०४.१ | ४७१७७०४.१ |
| छ) अन्य | ० | | कार्यसञ्चालन कोषबाट भएकोखर्च | ४६३५२०३.८३ | ४६३५२०३.८३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | १७५७२४७१६.५७ | अन्य कोषबाट भएको खर्च | ० | |
| क) सामाजिकसुरक्षा | १७०४७६२६१ | | गैरसरकारी संस्थाबाटसञ्चालित योजना | ० | |
| ख)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५२४८४५५.५७ | | अन्य सहयोगमा सञ्चालित योजना | ० | |
| ५. अन्तरसरकारी अख्तियारी (प्रदेश) | १९५७३२४ | १९५७३२४ | अनुदान फिर्ता | | |
| ६. ऋण/ वित्तीय व्यवस्था | ० | | १. संघ तर्फ | | ४०८२४३०१.०४ |
| ७. धरौटी आय | ७१३७७३९ | ७१३७७३९ | क) सशर्त अनुदान | ३९७७८०५३.२ | |
| ८. कार्यसञ्चालन कोष आय | ४८१४३६८.३३ | ४८१४३६८.३३ | ख) विशेष अनुदान | ८३९२५४.३ | |
| ९. अन्यकोषको आय | ० | | ग) समपुरक अनुदान | २०६९९३.५ | |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालितयोजना | ० | | २. प्रदेश तर्फ | | २०९६२६१.२५ |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालितयोजना | ० | | क) सशर्त अनुदान | १५८०५४८.२५ | |
| १२. अन्य आय भएमा | ० | | ख) विशेष अनुदान | ० | |
| | ० | | ग) समपुरक अनुदान | ५१५७१३ | |
| | | | अन्तिम मौज्दात | | ४०५१४८०३.८७ |
| | ० | | १. संचित कोषको मौज्दात | १८४४६२४१.४ | |
| | ० | | २. धरौटी | १२५२३७९२ | |
| | ० | | ३. कार्यसञ्चालनकोष | ९५४४७७०.४३ | |
| | ० | | ४. अन्यकोष | ० | |
| जम्मा | ८२२४५५००७.४६ | ८२२४५५००७.४६ | जम्मा | ८२२४५५००७.४६ | ८२२४५५००७.४६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) सम्बन्धमा निम्नानुसार देखिएको छ :-

३.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१७,०४,७६,२६१।- ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.५२,४८,४५५.५७।- समेत गरी रु.१७,५७,२४,७१६.५७ एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ। साथै खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| संकेत | खाताको प्रकार | श्रेस्ता अनुसार बाँकी रु. | बैंक अनुसार बाँकी रु. | फरक रु. |
|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजश्व खाता | ० | ० | |
| ग १.२ | बाँडफाँटबाट प्राप्त राजश्व खाता | ० | ० | |
| ग १.३ | आन्तरिक अनुदान खाता | ० | ० | |
| ग २.२ | चालू खर्च खाता- जोर वर्ष | ० | ० | |
| ग २.४ | पुँजीगत खर्च खाता – जोर वर्ष | ० | ० | |
| ग २.७ | विविध खर्च खाता | १२९३७००.०४ | १२९४२००.०४ | ५०० |
| ग ३.१ | स्थानीय तह धरौटी खाता | १२५२३७९२.०४ | १२५२३७९२.०४ | ० |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | १८४४६२४१.४० | १८४४६२४१.३९ | ०.०१ |
| ग ५.१ | स्थानीय तह विविध कोष खाता | ६२५०२८१.३४ | ६२५०२८१.३४ | ० |
| ग६.१ | स्थानीय तह विभाज्य कोष खाता | ० | ० | ० |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २०००७८९.०५ | २०००७८९.०५ | ० |
| जम्मा | | ४०५१४८०३.८७ | ४०५१५३०३.८६ | ४९९.९९ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

३.३

**अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४५ मा सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सूत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७०) को अनुसूची - २ मा फिर्ता गरेको अनुदान रु.४२९२०५६२.२९ मिति २०८२।३।२९ र ३० मा फिर्ता गरेको विवरण पेश भएको छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदान विवरण | कुल प्राप्ति रकम | खर्च रकम | फिर्ता गरेको रकम | फिर्ता मिति |
|---|---|---|---|---|---|
| संघीय सरकार | सशर्त अनुदान | २२७४२४००० | १८७६४५९४६.७६ | ३९७७८०५३.२४ | २०८२।३।२९ |
| | विशेष अनुदान | १४००४५०४ | १३१६५२४९.७० | १३१६५२४९.७० | |
| | समपुरक अनुदान | १५९२५२५ | ८३८५५३१.५० | ८३८५५३१.५० | |
| | **जम्मा** | **२५००२१०२९** | **२०९१९६७२८** | **४०८२४३०१.०४** | |
| प्रदेश सरकार | सशर्त अनुदान | १८५४१६४५ | १६९६१०९६.७५ | १६९६१०९६.७५ | २०८२।३।३० |
| | समपुरक अनुदान | ७०००००० | ६४८४२८७ | ६४८४२८७ | |
| | **जम्मा** | **२५५४१६४५** | **२३४४५३८३.७५** | **२०९६२६१.२५** | |

उपर्युक्त विवरण अनुसार सङ्घीय सरकारबाट रु.२५ करोड २१ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु. २० करोड ९१ लाख ९६ हजार बजेट खर्च भई बाँकी रु. ४ करोड ८ लाख २४ हजार मिति २०८२।३।२९ मा सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ। प्रदेश सरकारबाट रु.२ करोड ५५ लाख ४१ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु. २ करोड ३४ लाख ४५ हजार बजेट खर्च भई बाँकी रु. २० लाख ९६ हजार मिति २०८२।३।३० मा प्रदेश सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ।

३.४ **कार्य सञ्चालन तथा अन्य कोष** - नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि पालिकाले यस वर्ष प्रकोप व्यवस्थापन कोष, कर्मचारी कल्याण कोष र मर्मत सम्भार कोषमा गत वर्षबाट रु. ७६६०६९१.३९ जिम्मेवारी सारेको रु.२५५११०६ सहित रु. १०२११७९७.३९ आय र रु.१९६०७२७ खर्च गरी रु. ८२५१०७०.३९ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरोपना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.सं | कोषको नाम | शुरु मौज्दात | यो वर्षको थप | यो वर्षको खर्च | बाँकी मौज्दात |
|---|---|---|---|---|---|
| १ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २०५१५०९.०५ | १०५११०६ | ११०१८२६ | २०००७८९.०५ |
| २ | कर्मचारी कल्याण कोष | ५४००००० | ५००००० | ० | ५९००००० |
| ३ | मर्मत सम्भार कोष | २०९१८२.३४ | १०००००० | ८५८९०१ | ३५०२८१.३४ |
| जम्मा | | **७६६०६९१.३९** | **२५५११०६** | **१९६०७२७** | **८२५१०७०.३९** |

४ **बजेट तथा कार्यक्रम**

४.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण,

साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

४.२ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिका उपाध्यक्षले मिति २०८१।३।९ मा रु.६८ करोड ५९ लाख ७४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१७ मा पारित भएको देखिन्छ। यसैगरी अध्यक्षले मिति २०८१।३।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

४.३ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल ३२६ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाखसम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरीय | १७० | १४ | ६३ | ९३ |
| २ | वडा स्तरीय | १५६ | ० | २९ | १२७ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्नसक्ने हुन्छ। पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ।

४.४ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ का लागि स्वीकृत भएको रु.६८,५९,७४,००० बराबरको १००१ योजना तथा कार्यक्रमलाई हिउँदे अधिवेदनबाट कार्यक्रम संशोधन तथा रकमान्तर गरी १२६ योजना तथा कार्यक्रममा रु.८ करोड ७४ लाख ७२ हजार घट गरी नयाँ १०७ योजना तथा कार्यक्रममा रु. ४ करोड ८७ लाख ३५ हजार रकमान्तर गरेको छ। उक्त रकम सुरू बजेटको तुलनामा ७.१० प्रतिशत रहेको छ।साथै रकमान्तर गरेको रकम मध्ये निम्नानुसार ५ योजनामा रु.३ लाख २५ हजार खर्च गरेको देखिएन। रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

| क्र.स. | योजनाको नाम | रकम रु हजारमा |
|---|---|---|
| १ | शिव चोक देखि जाने बाटोमा नाला निर्माण | ६० |
| २ | छोटकी सिसहँनिया अधुरो नाला तथा कल्भर्ट निर्माण | २० |
| ३<br>४ | सगरापुर बाल विकासमा तारबार | १०० |
| ५ | होम पाईप खरिद | १४५ |
| जम्मा | | ३२५ |

४.५ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा स्वीकृत भएको बजेट तथा कार्यक्रम अनुसूची -२ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

(रु.हजारमा)

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| पुँजीगत खर्च | १४८२०३ | १२२२० | १८७९९ | ४६३४० | ७०८४४ | ४२३९५ |
| खर्च प्रतिशत | १०० | ८.२४ | १२.६८ | ३१.२७ | ४७.८१ | २८.६० |

पालिकाको पुँजीगत तर्फ रु.१४ करोड ८२ लाख ३ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड २२ लाख २० हजार (८.२४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड ८७ लाख ९९ हजार(१२.६८ प्रतिशत) , तेस्रो त्रैमासिकमा रु.४ करोड ६३ लाख ४० हजार (३१.२७ प्रतिशत) र चौथो त्रैमासिकमा रु.७ करोड ८ लाख ४४ हजार (४७.८१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४ करोड २३ लाख ९५ हजार (२८.६० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित रुपले खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्न सक्ने हुदाँ नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

४.६ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

(रु.हजारमा)

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत कूल खर्चको तुलनामा** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३६७९२ | २६०४८ | ४.७९ |
| २ | सामाजिक विकास | ३२६६३० | २८८४८७ | ५३.०७ |
| ३ | पूर्वाधार विकास | १३७७३५ | ११३४०१ | २०.८६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३९४७७ | २८१८७ | ५.१८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९४७०२ | ८७४७६ | १६.१० |
| **जम्मा** | | **६३५३३६** | **५४३५९९** | ८५.५६ |

पालिकाले कुल बजेट विनियोजनको तुलनामा ८५.५६ प्रतिशत खर्च गरेको छ। त्यस्तै सभाले विनियोजन गरेको बजेट मध्ये कुल खर्चको तुलनामा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५३.०७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी ५.१८ प्रतिशत खर्च गरेको छ। पालिकाले क्षेत्रगत रुपमा सन्तुलन कायम गरी बजेट विनियोजन एवमं खर्चको व्यवस्थापन गर्नुपर्दछ।

## ५ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.४०६७३१०७, राजस्व बाँडफाँट र अनुदानबाट रु.५२०१११२१४ समेत रू.५६०७८४३२१ आम्दानी भएकोमा चालु तर्फ रु.४०३७८०८४७, पुँजीगत तर्फ रु.१४८२०३८४५ समेत रु.५५१९८४६९२ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ७.३६ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुविधामा रु.८१३२००० खर्च भएको छ जुन आन्तरिक आयको २० प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७३.१५ प्रतिशत चालु र २६.८५ प्रतिशत पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ।

## ६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले खरिद गुरुयोजना तयार गरेको छैन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राखेको पाईएन।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धमा कुनै मापदण्ड बनाएको छैन साथै अभिलेख समेत राखेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।

• पालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको,

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन,२०८१ बमोजिम कर्मचारीको कार्य विवरण बनाई लागु गरेको पाइएन।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ७ पाम्सको प्रयोग

महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा PAMS मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा PAMS मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। पालिकाले खरिद गरेको मालसामान PAMS प्रणालीमा प्रविष्ट गर्ने गरेतापनि वडा कार्यालयबाट खरिद भएका मालसामानहरु PAMS दाखिला गरेको देखिएन। ऐन नियमावलीमा व्यवस्था भए बमोजिम PAMS प्रणाली लागु गर्नुपर्दछ।

## ८ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ।

पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

## ९ पुँजीगत खर्चको विस्तृत विवरण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१) मा सार्वजनिक निकायले खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यका आधारमा कुनै विधि अपनाई खरिद गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ। यस पालिकाले यस वर्ष निम्नानुसार खरिद विधि अवलम्बन गरेको छ:

| क्र.स. | खरिद विधि | संख्या | खर्च रकम रु. |
|---|---|---|---|
| १ | खुला बोलपत्र | १३ | ४५३७४८४१ |
| २ | सिलवन्दी दरभाउपत्र | ५ | ५९७५७७६ |
| ३ | सोझै खरिद | ३० | २२७१८८३६ |
| ४ | उपभोक्ता समिति | १११ | ३५६५६३८७ |
| जम्मा | | १५९ | १०९७२५८४० |

सोझै तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा खरिद योजना बनाई सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

## १० संगठन तथा कर्मचारी व्यवस्थापन

१०.१ **तलबी प्रतिवेदन** - लुम्बिनी प्रदेशले जारी गरेको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७०(४) मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु हुँदैन भन्ने उल्लेख छ। पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फ १७ कर्मचारीको रु.१ करोड २६ लाख ८ हजार र पालिकातर्फ ३७ जना कर्मचारीको रु.२ करोड ३७ लाख ९४ हजार गरी रु.३ करोड ६४ लाख २ हजार खर्च लेखेको छ। पारित तलबी प्रतिवेदन बेगर कर्मचारीले भुक्तानी पाउनुपर्ने तथा भुक्तानी भएको ग्रेड रकम यकिन गर्न सकिएन। अत : कानुनमा व्यवस्था भए अनुसार तलबी प्रतिवेदन पारित गरी तलब तथा ग्रेड रकम खर्च लेख्नुपर्दछ।

१०.२ **दरबन्दी तथा पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६३ दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित ५५ जना पदपूर्ती भएको देखिन्छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका कृषि अधिकृत, प्रशासन सहायक, असिस्टेन सब ईन्जिनियर-३ समेत ८ पद रिक्त रहेको देखिन्छ। आवश्यक पद मात्र कायम हुने गरी दरबन्दी मिलान गरी O & M सर्वे गरी सेवालाई प्रभावकारी बनाइनुपर्दछ।

१०.३ **अवकास कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा सर्तसम्बन्धी कानुन बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कर्मचारी कल्याणकारी कोषमा रु.५लाख विनियोजन गरेपनि अवकाष कोष संचालनमा ल्याएको छैन। ऐनले गरेको व्यवस्था बमोजिम कोष संचालनमा ल्याउनुपर्दछ। भविष्यमा आइपर्ने दायित्व वहन गर्नको लागि ऐनले गरेको व्यवस्था बमोजिम अवकाश कोषको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

## ११ कानुन निर्माण एवं कार्यान्वयन

११.१

**कानुन र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार हालसम्म ३० वटा ऐन, ६ वटा नियमावली, ६६ वटा कार्यविधि, १४ वटा निर्देशिका र १० वटा मापदण्ड समेत १२६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको देखिन्छ।

११.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष ४७ विवाद दर्ता भएकोमा ४७ वटा नै फर्स्यौट भएको देखिन्छ।

१२ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३४ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

१३ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद - ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको देखिन्छ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या | |
|---|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ७ | ७ | |
| पञ्जिकरणतर्फ | | | पञ्जिकरणतर्फ |
| जन्मदर्ता | ७३० | ७३० | |
| मृत्युदर्ता | ३०६ | ३०६ | |
| बसाईसराई दर्ता | २६३ | २६३ | |
| विवाह दर्ता | ४२१ | ४२१ | |
| सम्बन्धविच्छेद दर्ता | ४५ | ४५ | |
| **पूर्वाधार विकास सडक निर्माण** | | | |
| कालोपत्रे सडक निर्माण | १.६१ कि.मि. | १.६१ कि.मि. | |
| सडक ग्राभेल | ८.८ कि.मि. | ८.८ कि.मि. | |
| नयाँ ट्र्याक निर्माण | २.६३ कि.मि. | २.६३ कि.मि. | |
| सडक पक्कीनाला निर्माण | ३.५० कि.मि. | ३.५० कि.मि. | |

१४ **इन्धन खर्च**

सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ परिच्छेद २ मा सवारी साधन पाउने पदाधिकारीलाई इन्धन सुविधा पाउने मापदण्ड रहेको छ। पालिकामा ट्रिपर, ट्रक, लोडर लगायतका विभिन्न प्रकारका सवारी साधन रहेकोमा सवारी साधनको लागि ईन्धन सुविधा सम्बन्धमा मापदण्ड कार्यविधि बनाएको छैन।पालिकाबाट प्राप्त विवरण अनुसार चालु हालतमा रहेका मोटरसाइकल- २७ , स्कुटर – ४, ट्याक्टर-२, कृषि एम्बुलेन्स -१, एम्बुलेन्स -२, स्कार्पियो -२,रोड रोललर- १ र व्याकहो लोडर १ गरी जम्मा ४० सवारी साधन संचालनमा रहेको देखिन्छ। यस वर्ष पालिकाले ईन्धन वापत रु. ३३ लाख ७८ हजार खर्च गरेको छ। इन्धन खर्च गर्दा मापदण्ड बनाई खर्च गर्नुपर्दछ।

१५ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली,२०७७ को नियम ३९ मा सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष विविध खर्चतर्फ आन्तरिक आय रु. ४,०६,७३,१०७।- को तुलनामा करिव ६.११ प्रतिशत अर्थात् रु. २४ लाख ८९ हजार खाना, खाजा, पानी, चिया तथा विभिन्न कार्यक्रम खर्च लगायतका शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको बिल भरपाई पेश भएतापनि कतिपय खर्चका बिलभरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन।विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण समेत खर्च साथ राखेर खर्च गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

१६ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। पालिकाले यस वर्ष विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.१२५६१०५।- आर्थिक सहायता वितरण गरेको छ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

१७ **आन्तरिक आय**

१७.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४०६८८४७८ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.४०६७३१०७ अर्थात अनुमान भन्दा ०.०३७ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ ध्यान दिन आवश्यक देखिएको छ।

१७.२ **कर तथा शुल्क असुली** - यस पालिकाले पछिल्लो तीन आर्थिक वर्षमा आन्तरिक आय असुल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छः-

| शीर्षक | आ.व.२०७९।८०को असुली | आ.व.२०८०।८१को असुली | आ.व.२०८१।८२को अनुमान | आ.व.२०८१।८२को असुली |
|---|---|---|---|---|
| सम्पती कर | ० | १५०८०७ | ० | ३४५४५ |
| भुमिकर/ मालपोत | ५३५७८१८ | ७९९१४९४ | ७५००००० | ६८१०३७७ |
| वहाल कर | २०२९०८७ | ३२५७२४३ | ३७८८४७८ | ३८००३२२ |
| वहाल विटौरीकर | ० | ० | ० | १००० |
| सवारी साधन कर (साना सवारी) | ० | ५६८७२४ | ७९०००० | ३२५२४८८ |
| अन्य मनोरञ्जनकर | ० | १६६००० | ३००००० | १०५५०० |
| अखेटोपहारमालाग्ने कर | ७५५००० | ६२३२८६ | ७००००० | ६३७६५७ |
| अन्य कर | ० | २०४८४२ | १०००००० | ७८७९७२ |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | २०४००० | १५००००० | ९८४१०६ |
| सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ८९९९१८ | ७००० | ० | २५०० |
| अन्य बिक्रीबाट प्राप्त रकम | २८५२५०८ | ५७३५०० | ० | ४२१५०० |
| निजी धारा वापतको शुल्क | ० | ६०० | ० | ३००० |
| अन्य सेवाशुल्क तथा बिक्री | ११५०२७५ | २४०० | १०००००० | ४६२७९ |
| न्यायिक दस्तूर | १२९८० | ७४०० | १०००० | ११६०० |
| शिक्षाक्षेत्रको आम्दानी | १७६५०० | १३४९५१६ | १०००००० | ९११०१८ |
| परीक्षा शुल्क | ५५६४०० | ४७८०० | ३००००० | ३८६०० |
| अन्य प्रशासनिक सेवा शुल्क | ० | ९००० | ० | ६००० |
| नक्सापास दस्तुर | ५१२६९०४ | १००४६४० | ६०००००० | ५९४४८८९ |
| सिफारिश दस्तुर | ३३०५१२८ | ६८४२१९४ | ७०००००० | ६२१९०५७ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ६०७८३५ | ३९१३०० | १०००००० | १३९५८१६ |
| नाता प्रमाणित दस्तुर | २१०४४५ | २५१५८० | ३००००० | २११९७२ |
| अन्य दस्तुर | १८७४६८४ | १३७१८३७ | १५००००० | ३०८१०१२ |
| अन्य क्षेत्रको आय | ५००० | २४०० | ० | २२४० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ६०००० | ४००००० | १०००००० | ८०२७४९ |
| प्रदुषण नियन्त्रण शुल्क | ० | ८२५७५ | १०००००० | ९५७१३६ |
| अन्य राजस्व | ० | ८०३७१५ | ५००००० | ८६९४५ |
| व्यवसाय कर | ३९८४०३५ | ७१४३९०० | ४०००००० | ३८७५६१० |
| बेरूजु | ७७६१४६ | ३७६१८६ | ५००००० | २४१२१७ |
| जम्मा | २९७४०६६३ | ३३८३३९३९ | ४०६८८४७८ | ४०६७३१०७ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको देखिएकाले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१७.३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३८७५६१० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था देखिदैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

## १८ सामुदायिक वन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। त्यस्तै वन ऐन, २०७६ को दफा २२ मा सामुदायिक वन उपभोक्ता समुहले कार्य योजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा पच्चिस प्रतिशत रकम वनको विकास, संरक्षण तथा व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा पच्चास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्युनिकरण, महिला सशक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। त्यस्तै वन नियमावली, २०७९ को नियम ४५ मा सामुदायिक वन उपभोक्ता समुहले प्रत्येक आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र बार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, बिक्री गरेको वनपैदावरको वार्षिक विवरण लगायतका कागजात र विवरण स्थानीय तहमा बुझाउनुपर्ने व्यवस्था छ। पालिकाभित्र १५ वटा सामुदायिक वन उपभोक्ता समुह रहेकोमा नियमावली बमोजिमका विवरण बुझाएको देखिएन भने सामुदायिक वन उपभोक्ता समुहले आर्जन गरेको वार्षिक आयको कम्तिमा ३७ प्रतिशत रकम स्थानीय तहसँग समन्वय गरी गरिबी न्युनिकरण, महिला सशक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गरेको देखिएन।पालिकाले आफ्नो कार्य क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समुहको अभिलेख अद्यावधिक गरी आवश्यक सहयोग तथा सहजीकरण गरी वार्षिक आयको कम्तिमा ३७ प्रतिशत रकम गरिबी न्युनिकरण, महिला शसक्तिकरण तथा उद्धम विकास कार्यमा खर्च गर्ने व्यवस्था गर्नुपर्दछ।

## १९ परामर्श सेवा खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी आवश्यकताको पहिचानका आधारमा परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै दफा २९ (१क) मा परामर्श सेवा खरिद गर्दा सम्बन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ। बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना, डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। यस पालिकाले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका परामर्शदाता कम्पनीलाई रु.३९,३६,५८१। परामर्श शुल्क बापत भुक्तानी गरेको छ।

| गो.भौ.नं. र मिति | विवरण | परामर्शदाता | खर्च रकम | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| ५०१-२०८१।१०।८ | यातायात गुरु योजना निर्माण | सार्थक ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | ९८४३४३ | नभएको |
| ३८३-२०८१।९।७ | आईई निर्माण | सार्प रिसर्च सेन्टर प्रा.लि. | १९८४९५८ | |
| ४९८-२०८१।१०।८ | डी.पी.आर निर्माण | प्रोफिसेन्ट रिसर्च सेन्टर प्रा.लि. | ४८४७७० | |
| ५१२-२०८१।१०।९ | संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्माण | इन्टिग्रेटेड स्टडिज एण्ड रिसर्च सेन्टर प्रा.लि. | ४८२५१० | |
| जम्मा | | | ३९३६५८१ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। यस्ता डी.पि.आर. पालिकाकै जनशक्तिवाट गराउने र सोको पर्याप्त विश्लेषण गरी कार्यान्वयन योग्य आयोजनाहरुको मात्र डिपिआर तथा गुरुयोजना बनाउनुपर्दछ। यसरी प्राप्त डी.पि.आर.का प्रतिवेदनहरू सम्पत्तिको रुपमा अभिलेख गरिनु पर्दछ।

## २० सफ्टवेयर खरिद ताथ संचालन

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष मार्डटेक नेटवर्क प्रा.लि.बाट रु.७९४३२० मा नागरिक सूचना प्रवाह सफ्टवेयर निर्माण र किसान केयर प्रा.लि.बाट रु.४९७९०० मा कृषि परामर्श प्रणाली सफ्टवेयर निर्माण समेत रु.१२,९२,२२०।- खर्च गरेको देखियो। सफ्टवेयर खरिदको आवश्यकता, यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवेयर संचालनको स्वीकृति नलिएको तथा सफ्टवेयरको अडिट गराएको देखिएन। सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

## २१ कृषि अनुदान

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि,पशुपन्छी,बालीनाली,मत्स्य आदी सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ।यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नता सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार,प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत यस वर्ष २२०३ जनाको लागि रु. २५,९२,०८९।- खर्च भएको देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहीता प्रबर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेवसाइटमा सार्वजनिकरण गराउनु पर्दछ।

| क.स. | कार्यक्रमको नाम | अनुदानको किसिम | संख्या | रकम |
|---|---|---|---|---|
| १ | कृषि यान्त्रिकीकरण कार्यक्रम(२१ वटा मिनिटेलर,१२ वटा तराजु,१ वटा पावर टिलर,२४ वटा स्प्रे ट्यांकी) | ५०प्रतिशत अनुदान | ३४ | ९३२३७५ |
| २ | अनुदानमा साना सिंचाई कार्यक्रम(सिंचाई मोटर- १०,पम्पसेट-२,पाईप- ८) | ५०प्रतिशत अनुदान | १४ | ६३९७६५ |
| ३ | हिंउँदे घाँसको वीउ वितरण | ७५ प्रतिशत अनुदान | १७१७ | ५१७८७५ |
| ४ | एक वर्षे अकोशे घाँसको वीउ वितरण | ७५ प्रतिशत अनुदान | ३६३ | १४१६९९ |
| ५ | कृषि प्रवर्द्धन कार्यक्रम (स्प्रे टंकी – ७५ र भेजिटेवल क्यारेट-१३५ ) | ५० प्रतिशत अनुदान | ७५ | ३६०३७५ |
| जम्मा | | | २२०३ | २५९२०८९ |

२२ **करार कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने, त्यस्तै दफा ८३(८) बमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने व्यवस्था छ। पालिकाले मेडिकल अधिकृत, अहेव, अनमि, रेडियो ग्राफर, फार्मेसी सहायक, स्टार्फ नर्स, ल्याब असिस्टेन, सामाजिक परिचालक, अमिन, अधिवक्ता, सरसफाई सुपरिवेक्षक, सहायक कम्प्युटर अपरेटर, ब्याक्होलोडर अपरेटर, सवारी चालक कार्यालय सहयोगी लगायत विभिन्न पदमा १०६ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.३ करोड ४२ लाख ९७ हजार खर्च लेखेको छ। पालिकाले माथि उल्लेखित पद बाहेक संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सभाबाट स्वीकृत गरी अमिन, सहायक कम्प्युटर अपरेटर, सरसफाई सुपरिवेक्षक नियुक्ती गरी यस वर्ष तलब भत्ता बापत रु.१२ लाख ८३ हजार भुक्तानी गरेको देखिन्छ।

२३ **जिन्सि दाखिला**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **४९७,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **९९,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **१,९८४,९५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२४ **अग्रीम कर कट्टी**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **१३,०३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२५ **वडा अध्यक्षलाई भुक्तानी**

लुम्बिनी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ३ मा पदाधिकारी तथा सदस्यले आफू निर्वाचित भई कामकारबाही सुरु गरेको मितिदेखि अनुसूची बमोजिमको रकममा नबढ्ने गरी सुविधा पाउने व्यवस्था छ। वडा नं. ८ का वडाध्यक्ष चन्द्र बहादुर गुरुङ्ग २०८१।४।१३ गतेको बैठकमा उपस्थित रहेकोमा २०८२।६।२ मा वडा सदस्य सुन्दर बहादुर शाहीलाई कार्य बाहकको पत्र दिएको देखिएता पनि २०८१।४।२१ गतेदेखिका कुनै पनि बैठकमा उपस्थित भएको देखिदैंन। पालिकाले श्रावणदेखि जेठसम्मको सुविधा बापत रु. २६९०१३ भुक्तानी गरेको देखिएकोले कामकाज नगरेको अवधिको सुविधा रकम असुल गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६९,०१३ |

२६ **संगठन तथा व्यवस्थापन सर्वेक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा कुनै काम अनावश्यक रुपमा दोहोरो हुने गरी नगरिएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ। पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरे बापत परामर्शदाता कम्पनि ईन्टिग्रेटेड स्टडिज एण्ड रिसर्च सेण्टर प्रा. लि. लाई यस वर्ष रु.४८२५१० भुक्तानी गरेको देखिन्छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा परामर्शदातालाई रु.४९७२०० भुक्तानी गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरी सभाबाट २०८०।३। २७ स्विकृत गराएको देखिन्छ। यसरी अघिल्लो आ.व. मा निर्माण गरेको प्रतिवेदन कार्यान्वियन नगरी पुनःपरामर्शदाताबाट कार्य गराई भुक्तानी गरेको देखिएकोले यस्तो कार्य नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४,८२,५१० |

२७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ५ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष ५७ जनालाई औसत ८३.५६ दिनले जम्मा दिन ४७६३ रोजगारी उपलव्ध गराई रु.३१८१६८४।- श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे/नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

२८ **प्रेस तथा कानुनी सल्लाहकार**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७६ मा पदाधिकारीहरूको लागि प्रेस सल्लाहकार र कानुनी सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। पालिकाले यस वर्ष १ जना प्रेस सल्लाहकार नियुक्त गरी मासिक रु २५,०००।- र १ जना कानुनी सल्लाहकार नियुक्त गरी मासिक रु.२०,०००।- का दरले वार्षिक रु.६,०५,०००।-पारिश्रमिक भुक्तानी दिएको छ। उल्लेखित ऐनमा समावेश गरेरमात्र यस्तो खर्च लेख्नु पर्नेमा ऐनमा समावेश नगरी गरेको भुक्तानी नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ६,०५,००० |

२९ **घ वर्गका निर्माण व्यवसायीहरुको दर्ता र नविकरण**

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि, २०७४ को दफा ३ को उपदफा ३ अनुसार व्यवसायी नविकरणको म्याद नाघेको ६ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीबाट थप दस्तुर रु१५००० लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरिदिने व्यवस्था छ। पालिकाले यस वर्ष म्याद नाघेको ६ वटा निर्माण व्यावसायीसँग थप दस्तुर नलिई नविकरण गरेको नियम सम्मत देखिएन। पालिकाले कार्यविधिको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्दछ।

३० **सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४(१८) बमोजिम स्थानीय तहले भत्ता बापतको निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै वितरण कार्य सम्पन्न गरी बन्द गर्नुपर्ने , निकासा र खर्च को अभिलेख अध्यावधिक बैंकसँगको हिसाब मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा यकिन हुनुपर्ने तथा फिर्ता गर्नुपर्ने र भत्ता वितरणका लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज रकम नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता रु.१७०३६८६३८ बैंक मार्फत वितरण गरेको छ । पालिकाले वर्षान्तमा बैंकहरुबाट लाभग्राही र लाभग्राहीले प्राप्त गरेको रकम सहितको विवरण प्राप्त गरि गाउँपालिकाले भिडान गर्नुपर्दछ ।

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१८,००७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३१ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै पक्षको कर्तव्य हुने उल्लेख छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार गत आर्थिक वर्षको म्याद नाघेको पेश्की रु.१००००० र चालु आर्थिक वर्षको म्याद ननाघेको पेश्की रु.१३२८० समेत रु.११३२८० पेश्की बाँकी रहेको देखिन्छ । पेश्की दिएको रकम तोकिएको समयमा फस्र्यौट गर्ने गर्नुपर्दछ।

| क्र.सं | विवरण | पेश्की लिनेको नाम | चालु आवको म्याद ननाघेको | गत आ.व.को म्याद नाघेको |
|---|---|---|---|---|
| १ | दिगो वन व्यवस्थापन तथा वृक्षरोपण कार्यक्रम | बिपिन भुसाल | १३२८० | |
| २ | आँखा सिविर कार्यक्रम सञ्चालन | लमही आँखा अस्पताल | | १००००० |
| जम्मा | | | १३२८० | १००००० |

३२ **स्यानीघोष खानेपानी योजना स्किम १** (137-2081-12-06):

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **४,१५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३३ **आपखोली सडक बत्ति जडान** (333-2082-03-25):

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **७,७४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३४ **ब्याकहो लोडर खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख मा सार्वजनिक निकायले हेभि ईक्युपमेण्ट वा अन्य यस्तै यान्त्रिक मालसामानहरु त्यस्तो समानस्तरको मालसामान उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनि वा त्यसको आधिकारिक बिक्रेतालाई कम्तिमा ७ देखि बढिमा पन्ध्र दिनको सूचना दिई प्रतिष्पर्धा गराई खरिद गर्न सकिने, यसरी दर्ता भएका उत्पादक कम्पनि वा त्यसको

आधिकारिक बिक्रेताले पेश गरेको स्पेशिफिकेसन, गुणस्तर, मूल्य र सुविधासहितको विवरण (क्याटलग वा ब्रोसर) हेरी समान स्पेशिफिकेसन र गुणस्तर भएका उत्पादनहरुको उत्पादक कम्पनि वा त्यसको आधिकारिक बिक्रेताको सूची तयार गर्नुपर्ने र यस्तो सूचीको आधारमा खरिद गरिने मालसामानको परिमाण खोली उत्पादक वा अधिकृत बिक्रेताबाट तोकिएको मूल्य वा सूविधामध्ये मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण सहितको आर्थिक प्रस्ताव माग गर्नुपर्ने र मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही प्रस्तावदाता छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले ब्याकहो लोडर खरिदको लागि तिन वटा अधिकृत बिक्रेता/फर्मसँग प्रस्ताव माग गरेकोमा तिन वटै फर्मले एउटै कम्पनिको ब्रोसर पेश गरेको र सो ब्रोसरमा स्पेशिफिकेसन, गुणस्तर, मूल्य र सुविधासहितको विवरण उल्लेख भएको देखिएन। समानस्तरको मालसामान उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनि वा त्यसको आधिकारिक बिक्रेताबिच प्रतिष्पर्धा गराई खरिद व्यवस्थापन गर्नुपर्दछ।

३५ **वडा नं. ३ मा विद्युत पोल तथा ह्युमपाईप खरिद** (289-2082-03-20):

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **२,५२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३६ **शिक्षातर्फ**

३६.१ **शिक्षक विद्यार्थी अनुपात -** शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) मा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा समग्र पालिका अन्तर्गत २८ सामुदायिक विद्यालयमा २९२ जना शिक्षक र ७१९० विद्यार्थी रहेकोमा समग्रमा शिक्षक विद्यार्थी अनुपात १:२५ रहेको छ। यसरी हेर्दा पालिका भित्रका सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:५० भन्दा माथि हुने विद्यालय शुन्य छन् भने शिक्षक विद्यार्थी अनुपात २० भन्दा कम हुने १८ विद्यालयहरु निम्नानुसार छन् :-

| क्र.स. | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुदान |
|---|---|---|---|---|
| १ | श्री आदर्श माध्यमिक विद्यालय राप्ती-२ बराखुट्टी | ३८ | १५२० | ४० |
| २ | श्री माध्यमिक विद्यालय राप्ती-४ मौरीघाट | २७ | ८९१ | ३३ |
| ३ | श्री सर्वोदय माध्यमिक विद्यालय राप्ती-५ सिसहनिया | ३३ | ९६५ | २९ |
| ४ | श्री शंकर माध्यमिक विद्यालय राप्ती-८ पिपरी | १८ | ४८० | २७ |
| ५ | श्री ज्ञानोदय माध्यमिक विद्यालय राप्ती-६ पत्थरगढवा | २३ | ७०६ | ३१ |
| ६ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय राप्ती-१ भालुवाङ | २० | ४०५ | २० |
| ७ | श्री नवप्रतिभा आधारभुत विद्यालय राप्ती-१ पाखापानी | १० | २५७ | २६ |
| ८ | श्री जनज्योति आधारभुत विद्यालय, राप्ती-४ नयाँगाउ | १० | २०७ | २१ |
| ९ | श्री वि पी आधारभुत विद्यालय राप्ती-३ बसन्तापुर | ९ | १५२ | १७ |
| १० | श्री सरस्वति आधारभुत विद्यालय राप्ती-७ छोट्की सिसहनिया | ९ | १२५ | १४ |
| ११ | श्री राप्ती गंगा प्राथमिक विद्यालय राप्ती-१ चैते शान्तिपुर | ४ | ५४ | १४ |
| १२ | श्री बालकल्याण आधारभुत विद्यालय राप्ती-५ पहडवा | ९ | १४२ | १६ |
| १३ | श्री दुर्गाभवानी आधारभुत विद्यालय राप्ती-३ मसुरिया | ९ | २१५ | २४ |
| १४ | श्री देवी आधारभूत विद्यालय राप्ती-९ मसेरीडाँडा | ७ | १२० | १७ |
| १५ | श्री प्राथमिक विद्यालय राप्ती-५ थकरीकोट | ४ | ५९ | १५ |
| १६ | श्री रात्री प्राथमिक विद्यालय राप्ती -४ मौरीघाट | ३ | २१ | ७ |
| १७ | श्री हंशेश्वर प्राथमिक विद्यालय राप्ती-६ भगवानपुर | ४ | ४१ | १० |
| १८ | श्री जनता माध्यमिक विद्यालय राप्ती-५ करङगेकोट | १५ | २४६ | १६ |
| १९ | श्री स्वर्गद्वारी प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं १ पुल्चोक | ४ | ७९ | २० |
| २० | श्री माध्यमिक विद्यालय राप्ती गाउँपालिका वडा नं ९ रुपाकोट | १४ | २६७ | १९ |
| २१ | श्री जनता प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं ३ खुरुरिया | ३ | २९ | १० |
| २२ | श्री भद्राक्षीदेवी प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं ९ धापखोला | ४ | ४७ | १२ |
| २३ | श्री सगरमाथा प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं ५ भुल्के | ४ | ३१ | ८ |
| २४ | श्री नुतन बाल उद्यान प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं ५ सिंगे | ३ | २६ | ९ |
| २५ | श्री बाल प्रगती प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं ९ तल्लो घोसखोला | ३ | ३८ | १३ |
| २६ | श्री बराह प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं १ बगासोती | ३ | ३३ | ११ |
| २७ | श्री सपांदी प्राथमिक विद्यालय राप्ती गाउँपालिका वडा नं २ स्यानीघोष | १ | ९ | ९ |
| २८ | मदरसा जियाउल उलम प्रा वि राप्ती गाउँपालिका वडा नं ९ देवीकोट | १ | २५ | २५ |
| जम्मा | | २९२ | ७१९० | २५ |

उल्लिखित विवरण अनुसार पालिकामा १८ विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:२० भन्दा कम देखिन्छ । सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य सुरु गरेता पनि पूर्ण रुपमा कार्यान्वयन गरेको देखिएन ।

३६.२ **दिवा खाजाः-** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१/८२ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ५ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले खाजा खुवाएको दिनको आधारमा १८० दिनका लागि अनुदानको व्यवस्था गरेको छ । पालिका अन्तर्गत संचालित ३२ वटा विद्यालयलाई नगरपालिकाले जम्मा रु. ८३३८५६० ।- निकासा दिएको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्रका सामुदायिक विद्यालयहरुको वर्षभरिका जम्मा हाजिरीलाई औषत विद्यार्थीको संख्याले भाग गर्दा देहायको विद्यालयलाई १८० दिन भन्दा बढी गरेको निकासा फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| क्र.स. | विद्यालयको नाम | वर्ष भरीको हाजिरी दिन | औषतमा दिवा खाजा संचालन गरेको दिन | औषत जम्मा विद्यार्थी संख्या | दर | जम्मा रकम | बढी दिन | बढी निकासा रकम |
|---|---|---|---|---|---|---|---|---|
| 1 | श्री बाल प्रगती प्राथमिक विद्यालय | १०२८५ | १८८ | ५५ | १५ | १५४२७५ | ८ | ६५४० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **११,९८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१०,४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **३,५८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **५१,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **१२,४६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **४,५६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **८,९८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५४० |

३६.३ **निजि विद्यालय व्यवस्थापन** - राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत यकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी

अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन। अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ।

३६.४ **सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर** - कार्यक्रम कार्यान्वयन कार्यविधिमा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

३६.५ **विद्यालयको लेखापरीक्षण** - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ मा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यबस्था छ। पालिका अन्तर्गत २८ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म विद्यालयहरूको लेखापरीक्षण गराइ प्रतिवेदन पेश भएको देखिएन। पालिकाबाट अनुदान जाने सम्पूर्ण विद्यालयहरुको समयमै लेखापरीक्षण गराई विद्यालयहरुमा वित्तीय अनुशासन कायम गराउनुपर्दछ ।

३६.६ **स्यानिटरी प्याड खरिद**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **३३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३७ **न्यानो झोला वितरण** (१०९-2081-10-25):

आर्थिक वर्ष ०८१।८२ मा स्थानीय तहहरुवाट गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्बन्धी मार्गदर्शनको मातृ तथा नवशिशु कार्यक्रमको कार्यक्रम नं २ अन्तर्गत न्यानो झोला कार्यक्रमको लागि न्यानो झोलाको मापदण्ड निर्धारण गरेको छ । सोही वमोजिम तोकिएको गुणस्तरमा न्यानो झोला उपलब्ध गराउनु पर्दछ । पालिकाको वर्थिङ्ग सेन्टरमा आर्थिक वर्ष २०८१।८२ मा जम्मा ४४४ सुत्केरी भएकोमा अघिल्लो आर्थिक वर्षको मौज्दातमा २९० थान न्यानो झोला बाँकी रहेको भएपनि पालिकाले यस आर्थिक वर्षमा ७१० थान न्यानो झोला खरिद गरेको वितरण गरी ५५६ मौज्दात बाँकी रहेको देखिन्छ । पालिकाले अभिलेख राखी आवश्यक मात्रामा मात्र खरिद गरी कार्यविधिले तोके बमोजिमको गुणस्तरीय न्यानो झोला उपलब्ध गराउनुपर्दछ ।

३८ **जिन्सि दाखिला**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **६३५,४२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३९ **सुरक्षित नागरिक आवास**

सुरक्षित नागरिक आवास कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७५ को दफा ५(४) मा छनौट भएका लाभग्राहीले सम्बन्धित स्थानीय तहले सिफारीस गरेको बैंङ्कमा खाता खोल्नुपर्ने र यसरी खोलिएको खातामा स्थानीय तहले अनुदान सम्झौता भईसकेका लाभग्राहीलाई जस्तापाता, काठ लगायतको निर्माण सामाग्री खरिद गर्न अनुदान बापतको रकम दुई किस्तामा उपलब्ध गराउनुपर्ने, सम्झौता भएपछि पहिलो किस्ता बापत ६० प्रतिशत उपलब्ध गराउने र प्राविधिक प्रतिवेदनसहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता बापत बाँकी ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष ३० जना लाभग्राहीलाई रु.२१२३४१४ भुक्तानी गरेकोमा पहिलो किस्ता बापत ३ जनालाई रु. ४५००० का दरले भुक्तानी गरेको र अन्य लाभग्राहीलाई सम्पन्न

पश्चात एकै पटम अन्तिममा भुक्तानी गरेको देखिन्छ ।नेपाल सरकारले गरिबीको रेखामुनी रहेका घरपरिवारलाई टिनको छानामुनी ल्याउने उद्देश्यले यस कार्यक्रमको व्यवस्था गरेको सन्दर्भमा कमजोर आर्थिक अवस्था भएका नागरिकलाई काठ तथा जस्तापाता लगायतका सामाग्री खरिद गरी निर्माण कार्य अघि बढाउन अग्रिम रुपमा पहिलो किस्ता बापत ६० प्रतिशत अनुदान र बाँकी निर्माण सम्पन्न पश्चात दिने गरी कार्यविधि बनाएकोमा पालिकाले निर्माण सम्पन्न भएपछि मूल्याङ्कनका आधारमा एकै पटक भुक्तानी गरेको देखिन्छ। कार्यविधिमा भएको व्यवस्था बमोजिम लाभग्राहीलाई दुई किस्तामा रकम उपलब्ध गराई सहज रुपमा निर्माण कार्य गर्ने व्यवस्था गर्नुपर्दछ।

## ४० फोहोरमैला व्यवस्थापन

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १५ मा स्थानीय तहले निजि क्षेत्र वा सामुदायिक संस्थाबाट फोहोरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिष्पर्धा गराई व्यवस्थापक छनौट गरी व्यवस्थापनको जिम्मा दिनुपर्ने र त्यसरी छनौट गर्दा स्थानीय तहलाई बुझाउन कबुल गरेको रकमलाई आधार मान्नुपर्ने व्यवस्था छ।पालिकाले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, नकुहिने फोहोरमैला व्यवस्थापन गरी उत्पादन तथा बिक्री वितरण गर्ने कार्यको लागि इको फेमिली प्रा.लि. सँग मिति २०८०।४।२२ मा १५ बर्षको लागि सम्झौता गरेको देखिन्छ। फोहोरमैला ढुवानीको लागि पालिकाका २ वटा ट्याक्टरको प्रयोग गरी ईन्धन खर्च, मर्मत सम्भार खर्च, २ जना चालकको तलब भत्ताका अलावा संरचना निर्माणमा रु. ७४७६४५, फोहोरमैला वर्गिकरण कामदारमा रु. ५८१७५० र वर्गिकरण सामाग्रीमा रु. ९४४६८ खर्च गरेको तथा संस्थाको व्यवस्थापकीय खर्च बापत मासिक रुपमा रु. २०००० उपलब्ध गराएको देखिन्छ। फोहोरमैलाको व्यवस्थापन कार्य निजि क्षेत्र वा सामुदायिक संस्थाबाट गराई पालिकाले सोबाट राजश्व प्राप्त गर्नुपर्नेमा आफ्नै स्रोत साधनको प्रयोग गरी फोहोरमैला व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गरेको, पालिकाले वर्गिकरण गरेका फोहोरको प्रयोग गर्न दिने तथा व्यवस्थापकीय खर्च बापत थप रकम उपलब्ध गराउने गरी लामो अवधिको सम्झौता गर्नु मनाशिव देखिँदैन। निजि क्षेत्र वा सामुदायिक संस्थाबाट फोहोरमैला व्यवस्थापन गराई पालिकाको खर्च नहुने तथा सो बाट आम्दानी प्राप्त हुने गरी कार्य गर्नुपर्दछ।

## ४१ अन्य निकायलाई सहयोग

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(१)घ मा आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका तथा जनसहभागिता उच्च हुने आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निश्चित समुह तथा व्यक्तिलाई लाभ प्राप्त हुने देहायका कार्यक्रम तथा योजनामा बजेट प्रस्ताव गरी कार्यान्वयन गरेको देखिन्छ। बजेट प्रस्ताव गर्दा बढी प्रतिफल भएका र सामाजिक लाभ उच्च भएका कार्यकम तथा आयोजना छनौट गरी गर्नुपर्दछ।

| क.सं. | कार्यक्रम/आयोजना | भौ.नं./मिति | खर्च रकम रु. |
|---|---|---|---|
| १ | काठावा मण्डली व्यवस्थान | ४८।२०८१।९।१ | २६७७०० |
| २ | रुपाकोट मस्जिदको ल्वाईलेट | २२८।२०८२।२।२९ | ११३९५५ |
| ३ | बगासोती होमस्टे मर्मत | २३७।२०८२।३।३ | ९६९६० |
| ४ | हिमाल महिला भवन निर्माण | १४१।२०८१।१२।१२ | २९०४६५ |
| ५ | देवीकोट मस्जिद पर्खाल निर्माण | २७१।२०८२।३।१७ | २१४७२१ |
| ६ | रामजानकी मन्दिर भालुवाङ्गको जिर्णोद्दार | २७४।२०८२।३।१७ | २९१००० |
| ७ | सशस्त्र प्रहरी ब्यारेक निर्माण | ३१९।२०८२।३।२४ | ९६८१५ |

## ४२ खरिदमा प्रतिष्पर्धा

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुला रुपमा बोलपत्र आह्वान गरी गर्नुपर्ने र योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा नं. ६ मा उज्यालो वडा कार्यक्रमको लागि सडक बत्ति जडान गर्न रु. ८५८६९५ लागत अनुमान स्विकृत गरी तिन वटा निर्माण व्यवसायीसँग दररेट माग गरेकोमा गरीरोस निर्माण सेवासँग रु.८५७४०० कबोल रकममा सम्झौता गरेको देखिन्छ। कार्यालयले

तयार पारेको लागत अनुमान र तिन वटा निर्माण वयवसायीले पेश गरेको दररेट विश्लेषण गर्दा खरिदमा प्रतिष्पर्धा भएको कुरामा विश्वस्त हुन सकिएन। सार्वजनिक खरिद गर्दा योग्य फर्म/कम्पनिलाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गरी प्रतिष्पर्धा कायम गर्नुपर्दछ।

| **क्र.सं.** | **प्रस्तावकर्ता** | **कबोल रकम रु.** |
|---|---|---|
| १ | जिता कस्ट्रक्सन प्रा.लि. | ८५८३७५ |
| २ | गरिसोस निर्माण सेवा प्रा.लि. | ८५७४०० |
| ३ | गुड भिजन कन्स्ट्रक्सन प्रा.लि. | ८५७७२५ |
| ४ | लागत अनुमान | ८५७२४० |

४३ **प्रमाण पेश गर्नुपर्ने**

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **१९२,८४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **२७०,७२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **१९९,५१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **१४१,४७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : राप्ती गाउँपालिका, दाङ , राप्ती गाउँपालिका , दाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | देविराम पाठक | २०८१-११-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रेशमराज अधिकारी | २०८१-१-१६ | २०८१-८-२ |
| लेखा प्रमुख | लेखा भण्डारी | २०८२-०२-०७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४०६,३९७ | १,०८७,५१० | ४,०७३,५४३ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५,५६७,४५० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४,२०४,३८७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १,३६३,०६३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २९१२१३९९.४८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३०३१९९२७.९६ | चालु खर्च | ४०३७८०८४७.४९ |
| प्रदेश सरकारबाट अनुदान | ३२५४६३८३.७५ | पूँजीगत खर्च | १४८२०३८४५.३१ |
| राजश्व बाँडफाँट | १५७२४४९०२.५३ | वित्तीय/अन्य व्यवस्था | २२९९५५५११.६६ |
| आन्तरिक आय | ४०६७३१०७.०५ | | |
| अन्य आय | २३२५४९२८६.६९ | | |
| कुल आय | ७९३३३३६०७.९८ | कुल खर्च | ७८१९४०२०४.४६ |
| बाँकी मौज्दात | | ४०५१४८०३ | |

## अनुसूची - २

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १५,९६,६५,३१६.३३ | ०.०० | १५,९६,६५,३१६.३३ | १४,१८,४३,८४६.५३ | ०.०० | १४,१८,४३,८४६.५३ |
| १३००० | अनुदान | | ३६,२८,६६,३११.७१ | ०.०० | ३६,२८,६६,३११.७१ | ३७,२०,२३,७४६.५६ | ०.०० | ३७,२०,२३,७४६.५६ |
| १४००० | अन्य राजस्व | | ३,८०,११,४७६.२५ | ०.०० | ३,८०,११,४७६.२५ | ३,८६,०९,२४५.१३ | ०.०० | ३,८६,०९,२४५.१३ |
| १५००० | विविध प्राप्ति | | २,४१,२१७.०० | ०.०० | २,४१,२१७.०० | ३,७६,१८६.०० | ०.०० | ३,७६,१८६.०० |
| क | कुल जम्मा प्राप्ति | | ५६,०७,८४,३२१.२९ | | ५६,०७,८४,३२१.२९ | ५५,२८,५३,०२४.२२ | | ५५,२८,५३,०२४.२२ |
| ३ | चालु | | ४०,३७,८०,८४७.४९ | ०.०० | ४०,३७,८०,८४७.४९ | ३९,८०,०९,०५६.४० | ०.०० | ३९,८०,०९,०५६.४० |
| २१००० | पारिश्रमिक / सुविधा | | ६,९४,११,४५४.१८ | ०.०० | ६,९४,११,४५४.१८ | १९,५४,७३,४७७.३९ | ०.०० | १९,५४,७३,४७७.३९ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १५,९९,२५,३४४.६१ | ०.०० | १५,९९,२५,३४४.६१ | १५,१५,६४,८२९.८४ | ०.०० | १५,१५,६४,८२९.८४ |
| २५००० | सहायता (Subsidy) | | १६,२९,६८,२९६.७० | ०.०० | १६,२९,६८,२९६.७० | ३,७७,१०,००४.०० | ०.०० | ३,७७,१०,००४.०० |
| २७००० | सामाजिक सुरक्षा | | ८५,८३,९३९.०० | ०.०० | ८५,८३,९३९.०० | ९९,००,३५६.८० | ०.०० | ९९,००,३५६.८० |
| २८००० | अन्य खर्च | | २८,९१,८१३.०० | ०.०० | २८,९१,८१३.०० | ३३,६०,३८८.३७ | ०.०० | ३३,६०,३८८.३७ |
| ४ | पुँजीगत | | १४,८२,०३,८४५.३१ | ०.०० | १४,८२,०३,८४५.३१ | १७,४६,१७,५८३.६१ | ०.०० | १७,४६,१७,५८३.६१ |
| ३१११० | भवन तथा संरचना | | ६०,७३,५२२.०० | ०.०० | ६०,७३,५२२.०० | ८४,७३,२२१.०० | ०.०० | ८४,७३,२२१.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ८१,५२,०४९.०० | ०.०० | ८१,५२,०४९.०० | १,०५,८३,१३८.०० | ०.०० | १,०५,८३,१३८.०० |
| ३११३० | अन्य पुँजीगत खर्च | | ५६,१७०.०० | ०.०० | ५६,१७०.०० | १८,९३,१७१.०० | ०.०० | १८,९३,१७१.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १३,३९,२२,१०४.३१ | ०.०० | १३,३९,२२,१०४.३१ | १४,३४,०६,२४१.२७ | ०.०० | १४,३४,०६,२४१.२७ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ०.०० | ०.०० | ०.०० | ६,९७,४८७.३४ | ०.०० | ६,९७,४८७.३४ |
| ३११७० | पुँजीगत सुधार खर्च | | ०.०० | ०.०० | ०.०० | ९२,६४,३२५.०० | ०.०० | ९२,६४,३२५.०० |
| ३१२२० | मौज्दात सामानहरु | | ०.०० | ०.०० | ०.०० | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ५५,१९,८४,६९२.८० | | ५५,१९,८४,६९२.८० | ५७,२६,२६,६४०.०१ | | ५७,२६,२६,६४०.०१ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ८७,९९,६२८.४९ | | ८७,९९,६२८.४९ | (१,९७,७३,६१५.७९) | | (१,९७,७३,६१५.७९) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट | | २५,९३,७७५.९० | | २५,९३,७७५.९० | (७३,४९,५२६.७८) | | (७३,४९,५२६.७८) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (+/-) | | | | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (५००.००) | | (५००.००) | (७,२८१.५०) | | (७,२८१.५०) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | १,१३,९३,४०४.३९ | | १,१३,९३,४०४.३९ | (२,७१,२३,१४२.५७) | | (२,७१,२३,१४२.५७) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | २,९१,२१,३९९.४८ | | २,९१,२१,३९९.४८ | ५,६२,४४,५४२.०५ | | ५,६२,४४,५४२.०५ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ४,०५,१४,८०३.८७ | | ४,०५,१४,८०३.८७ | २,९१,२१,३९९.४८ | | २,९१,२१,३९९.४८ |

# भालुबाङ नगर विकास समिति दाङ

# ( OAG-AUT-०००८४९ )

# राप्ती गाउँपालिका , दाङ

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** बढ्दो जनसंख्या तथा शहरीकरणको चुनौतिलाई दिगो तथा योजनाबद्ध रुपमा नगर विकास गर्न नगर विकास सम्बन्धी काम कारवाहीलाई वैज्ञानिक, सहज तथा पारदर्शी बनाउन, भईरहेका नगरको पुन: निर्माण विस्तार र विकासको साथै नयाँ नगरहरुको निर्माण गरी नगरवासीलाई आवश्यक सेवा सुविधाहरु पुर्‍याउन तथा सर्वसाधारण जनताको सुविधा वृद्धि एवं आर्थिक हित कायम राख्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने उद्देश्यले यस नगर विकास समितिको स्थापना भएको हो।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।१६ देखि २०८२।८।१६ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ रु. १८ लाख ४२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ आन्तरिक नियन्त्रण प्रणाली

प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०८१ को दफा ३१ मा प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयहरुको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने तथा लेखा उत्तरदायी अधिकृतले आफै वा आफु मातहतको वरिष्ठ अधिकृत मार्फत कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी भए नभएको सम्बन्धमा नियमित रुपमा निरीक्षण तथा सुपरीवेक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका विषयहरु देहाय बमोजिम रहेका छन्।

- निकायले उद्देश्य प्राप्तिमा देखा परेका र आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको
- समितिको स्वामित्वमा रहेको जग्गाहरुको उचित संरक्षण र व्यवस्थापन गर्दै आन्तरिक आम्दानी निर्धारण हुन नसकेको
- जग्गा प्राप्ति र बिक्रिमा आइपर्ने जोखिम पहिचान, रोकथाम र मूल्यांकन नगरिएको
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ मा उल्लेख भए बमोजिम नागरिक बडापत्र सबैले देख्ने उपयुक्त ठाउँमा नराखेको
- गोश्वरा भौचर नं र मिति उल्लेख गरेर गोश्वरा भौचर तयार नगरेको
- दैनिक भ्रमण प्रतिवेदन बनाएर राख्ने नगरेको

यसर्थ, प्रदेश तहका सरकारी कार्यालयहरुबाट सम्पादन हुने कार्यहरु मितव्ययी, प्रभावकारी र कार्यदक्षता पूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य गर्न कानुन बमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गर्नुपर्दछ।

## ३ आन्तरिक लेखापरीक्षण

नगर विकास समिति ऐन, २०४५ को दफा २४क मा यस ऐनमा लेखिएको जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुने उल्लेख छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(२) मा आफ्नो कार्यालयको आन्तरिक लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ। समितिले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

## ४ समितिको बैठक

नगर विकास समिति ऐन, २०४५ को दफा ६(६.१) मा समितिको बैठक कम्तिमा दुई महिनाको एक पटक बस्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१/०८२ मा समितिको बैठक वर्षमा तीन पटक मात्र बसेको देखिन्छ।त्यस्तै नगर विकास समिति ऐन, २०४५ को दफा ७(१) मा समितिको कामकार्वाहीलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार उपसमितिहरु गठन गर्नुपर्नेमा त्यस्ता उपसमितिहरु गठन गरिएको छैन। कानुनको व्यवस्था बमोजिम बैठक बसी समितिको काम कर्तब्य र अधिकारहरु सुनिश्चित गर्दै समितिको काम कार्बाही व्यवस्थित रुपमा सञ्चालन गर्न ध्यान दिनुपर्दछ।

## ५ उठ्न बाँकी आम्दानी

नगर विकास ऐन, २०४५ को दफा १२.१.२ मा नगर योजना क्षेत्रभित्रको कुनै भागमा कम्तिमा एकाउन्न प्रतिशत जग्गा धनी वा मोहीहरुको सहमती रहेमा सो ठाउँमा रहेका जग्गाका विभिन्न कित्ताहरुलाई एकीकरण गरी सो जग्गामा नगर योजना अनुरुप सेवा सुविधाको ब्यवस्था गर्ने र त्यस्तो सेवा सुविधाको ब्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरु बेची असुल गर्ने र बाँकी विकसित घडेरीहरु साविककै जग्गाधनी वा मोहीहरुलाई समानुपातिक आधारमा फिर्ता दिने ब्यवस्था गरी जग्गा एकीकरण (लायण्ड पुलिंग) कार्यक्रम सञ्चालन गर्ने लगायतका ब्यवस्था छ। नगर विकास समितिले उपलब्ध गराएको विवरण अनुसार हनुमानगढी जग्गा एकीकरण आयोजना अन्तर्गत १८ जना जग्गा धनीबाट ६० प्रतिशत सम्बन्धित जग्गाधनीलाई फिर्ता गर्ने र ४० प्रतिशत नगर विकास समितिको स्वामित्वमा रहने निर्णय अनुरुप बिक्री वा सेवा शुल्क वा विकास शुल्क बापत आ.व २०८०/०८१ को उठ्न बाँकी रकम रु.

४८,५९,५०८ रहेको देखिन्छ। उक्त उठन बाँकी विक्री वा सेवा शुल्क वा विकास शुल्कको लगत तयार गरी जरिवाना सहित यकीन गरी असुल गर्नुपर्ने रु.

| क्र.सं. | जग्गा धनिको विवरण | ०८०/८१ मा बाँकी रहेको रकम | ०८१/८२ मा जम्मा भएको रकम | बाँकी रकम |
|---|---|---|---|---|
| १ | भरत राज न्यौपाने | २६५६३१ | ० | २६५६३१ |
| २ | गन्ज बहादुर विष्ट | २४३५८३ | ० | २४३५८३ |
| ३ | कमला कुमारी घर्ति क्षेत्री | ६१६४०६ | ० | ६१६४०६ |
| ४ | डम्बर बहादर जि.सी. | २५२७७७ | ० | २५२७७७ |
| ५ | डिलमाया ढकाल बेल्बासे | ४५०३८४ | ० | ४५०३८४ |
| ६ | धुब कुमार पुन | २७५०७१ | ० | २७५०७१ |
| ७ | तुलसी कुमारी के.सी. | १४५३५ | ० | १४५३५ |
| ८ | मालती देवी बज्राचार्य | १७९००९ | ० | १७९००९ |
| ९ | दिल कुमारी पुन | २३९०७० | ० | २३९०७० |
| १० | सुनिता देवी | २८७६४५ | ० | २८७६४५ |
| ११ | छोटीलाल चौधरी | ४०५४७३ | ० | ४०५४७३ |
| १२ | मिना जि.सी. | १३२५४८ | ० | १३२५४८ |
| १३ | बबर सि.जि.सी. | २८२३९९ | ० | २८२३९९ |
| १४ | रिमे गिरी,हस्ते कामी, शिवराज पोखेल, भिम बहादुर घर्ती, लाल बहादुर घर्ती | ४१४०८१ | ४१०००० | ४०८१ |
| १५ | तारा बहादुर डि.सी. | १९३२०६ | ० | १९३२०६ |
| १६ | राम कला विष्ट | ४२८४४७ | ० | ४२८४४७ |
| १७ | रमेश राना | ४६४००२ | ० | ४६४००२ |
| १८ | रुद्र बहादुर बस्नेत | १२५२४१ | ० | १२५२४१ |
| जम्मा | | ५२६९५०८ | ४१०००० | ४८५९५०८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,५९,५०८ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : भालुबाङ नगर विकास समिति दाङ , राप्ती गाउँपालिका , दाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नेव बहादुर वली | २०७९-५-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | धन प्रसाद शर्मा | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,८५९,५०८ | ० | ० | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४,८५९,५०८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४,८५९,५०८ |

प्राप्ती र भुक्तानी :

| वर्षको सुरु मौज्दात | | ९८,७०७.५ | |
|---|---|---|---|
| आय | | व्यय | |
| बिक्री / सेवा शुल्क | ५,९१,९९० | प्रत्यक्ष खर्च | ० |
| अनुदान | ० | संचालन खर्च | ५,६५,६७४ |
| अन्य आय | २,४४,१७७ | कर्मचारी खर्च | ३,०५,७७१ |
| | | अन्य खर्च | ० |
| जम्मा | ८,३६,१६७ | जम्मा | ८,७१,४४५ |
| | | यो वर्षको बचत | -३५,२७८ |
| | | वर्षान्तको मौज्दात | ६३,४२९.५ |

# अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- पालिकामा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- यस वर्षको आन्तरिक लेखापरीक्षण गराएको छैन। कानुन बमोजिम समयमा आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।